नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-७४ दायर मितिः-२०८१/०५/१२**

**फैसला मितिः-२०८१/०५/१२**

| **वादी** | **प्रतिवादी** |
| --- | --- |
| **प्रहरी प्रतिवेदनले** | **भारत बिहार पुर्वी चम्पारण लक्ष्मिपुर लक्ष्मिनिया ग्राम पञ्चायत बस्ने उमेश यादवको छोरा वर्ष १९ को हरीओम कुमार यादव समेत ३ जना ..१** |
| **नेपाल सरकार.........................१** | |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. हामीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका किशोरी साह समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०४।२८ गते जिल्ला पर्सा जिराभवानीपुर गा.पा.वडा नं.१ स्थित सडकमा चेकजाँचको क्रममा हरीओम कुमार यादव, श्यामकुमार यादव भन्ने श्यामकिशोर कुमार र राहुल कुमार यादव समेतका तिनैजना भारतिय नम्बरको मोटरसाईकलमा सवार भई आएकोले निजहरुलाई रोकी चेकजाँच गर्दा निजहरुले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु हरीओम कुमार यादव, श्यामकुमार यादव भन्ने श्यामकिशोर कुमार र राहुल कुमार यादवलाई कैद दिन १६ र जरिवाना जनही रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी हरीओम कुमार यादव, श्यामकुमार यादव भन्ने श्यामकिशोर कुमार र राहुल कुमार यादवलाई ठहरेको कैद दिन १६ को हकमा निजहरु मिति २०८१/०४/२८ देखि २०८१/०५/११ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा जनही रकम रु.१००००/- असुल उपर गर्नु ---------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्वत् २०८१ भाद्र महिना १२ गते बुधवार रोज ४/ ने.सं. ११४४ गुंलागा दशमी, शुभम् ........